# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, जेठ १८ गते २०४४ साल (संख्या ७


## भाग ३

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको सूचना

राष्ट्रिय यातायात व्यवस्था (पहिलो संशोधन) नियमहरू, २०४४

राष्ट्रिय यातायात व्यवस्था नियमहरू, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "राष्ट्रिय यातायात व्यवस्था (पहिलो संशोधन) नियमहरू, २०४४" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. राष्ट्रिय यातायात व्यवस्था नियमहरू, २०२७ को नियम ११ मा संशोधनः राष्ट्रिय यातायात व्यवस्था नियमहरू, २०२७ को नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ :

"११. सवारी साधनको भाडा निर्धारण र वृद्धिः (१) कुनै एक जिल्लाभित्र मात्र संचालन हुने सवारी साधनहरूको भाडा सम्बन्धित जिल्ला पञ्चायतले तोके बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।